कमलामाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिन्धुलीमाढी, सिन्धुली
बागमती प्रदेश, नेपाल

बैठक संख्या : १९०
मिति : २०८३।०३।२२, सोमबार
समय : दिनको २:०० बजे

कमलामाई नगरपालिका प्रमुख श्री उपेन्द्र कुमार पोखरेलको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा कार्यपालिकाको बैठक बस्यो ।

## उपस्थिति

| | |
|---|---|
| श्री उपेन्द्र कुमार पोखरेल | नगर प्रमुख |
| श्री मन्जु देवकोटा | नगर उप-प्रमुख |
| श्री नरेश गोले | वडा अध्यक्ष १ |
| श्री ईन्द्र वाईबा | वडा अध्यक्ष २ |
| श्री खड्ग प्रसाद चौलागाई | वडा अध्यक्ष ३ |
| श्री महेन्द्र प्रसाद ढकाल | वडा अध्यक्ष ४ |
| श्री पुर्ण बहादुर खड्का | वडा अध्यक्ष ५ |
| श्री उज्वल कुमार थापा | वडा अध्यक्ष ६ |
| श्री कर्ण बहादुर घिसिङ | वडा अध्यक्ष ७ |
| श्री कोमल कुमार श्रेष्ठ | वडा अध्यक्ष ८ |
| श्री विनोद प्रधान | वडा अध्यक्ष ९ |
| श्री दिप बहादुर कार्की | वडा अध्यक्ष १० |
| श्री रामबहादुर थिङ | वडा अध्यक्ष ११ |
| श्री भिमबहादुर गुर्मछान | वडा अध्यक्ष १२ |
| श्री केशर बहादुर कार्की | वडा अध्यक्ष १३ |
| श्री राजन न्यौपाने | वडा अध्यक्ष १४ |
| श्री उमा विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री जमुना कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री देवि देवकोटा | कार्यपालिका सदस्य |
| श्री धन कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री शिव कुमारी रायमाझी | कार्यपालिका सदस्य |
| श्री भद्रीमाया हायू | कार्यपालिका सदस्य |
| श्री मान बहादुर दमाई | कार्यपालिका सदस्य |
| श्री राजन बहादुर भुजेल | कार्यपालिका सदस्य |
| श्री किरण निधि तिवारी | सचिव (प्र.प्र.अ.) |

CamScanner

बैठक संख्या : १९०

मिति : २०८३/०३/२२ (सोमबार)

समय : दिनको २:०० बजे

कमलामाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय सिन्धुलीमाढी, सिन्धुली बागमती प्रदेश, नेपाल

# प्रस्तावहरु

प्रस्ताव नं. १: दहत्तर बहत्तर (ढुङ्गा गिट्टि बालुवा) को उत्खनन् संकलन र विक्रिका लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को कार्य विवरण (TOR) र प्रतिवेदन सम्बन्धमा ।

प्रस्ताव नं. २: प्रशासनीक रकमान्तर र श्रोतान्तर सम्बन्धमा ।

प्रस्ताव नं. ३: सर्भेक्षक श्री सन्तोष कुमार श्रेष्ठको तलब/सेवा सुविधाको रकम भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं. ४: नगर प्रहरी ऐन्, २०८३ को मस्यौदा तयारी सम्बन्धमा ।

प्रस्ताव नं. ५: नगर प्रमुख ज्यूको तोक आदेशमा सामाजिक विकास शाखा अन्तर्गत भएका तोक आदेशका कार्यक्रम सम्बन्धमा ।

प्रस्ताव नं. ६: पालिकाको कृषि शाखाले लागत साझेदारीमा खरिद गरेको धानको विउविजन वितरण सम्बन्धमा ।

प्रस्ताव नं. ७: नदीजन्य पदार्थको स्टक प्रमाणित अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं. ८: अन्तर सरकारी भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं. ९: आ.व. २०८३/८४ को नगर दररेट सम्बन्धमा ।

प्रस्ताव नं. १०: चालु आ.व. २०८२/८३ मा उपभोक्ता समिति मार्फत भएका कार्यको भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं. ११: चालु आ.व.. २०८२/८३ मा ठेक्काबाट संचालन भई कार्य सम्पन्न नभएको योजना सम्बन्धमा ।

प्रस्ताव नं. १२: भवन निर्माण मापदण्ड सम्बन्धमा ।

प्रस्ताव नं. १३: वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सम्बन्धमा ।

प्रस्ताव नं. १४: खोप तथा गाउंघर क्लिनिक संचालन यातायात खर्च सम्बन्धमा ।

प्रस्ताव नं. १५: एच.आइ.भी.संक्रमितलाई पोषण खर्च सम्बन्धमा ।

प्रस्ताव नं. १६: आर्थिक विकास समितिको आ.व. २०८२/८३ अन्तर्गतको निर्णयलाई अनुमोदन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १७: सोझै खरिद सम्बन्धी कार्यविधि सम्बन्धमा ।

प्रस्ताव नं. १८: पदस्थापन सम्बन्धमा ।

प्रस्ताव नं. १९: संस्थागत विद्यालयले प्रदान गर्ने विद्यार्थी छात्रवृत्ति सम्बन्धमा ।

प्रस्ताव नं. २०: विवरण पेश गर्नको लागि जानकारी गराउने सम्बन्धमा ।

प्रस्ताव नं. २१: पसल कवलको सम्झौता सम्बन्धमा ।

प्रस्ताव नं. २२: दैनिक डोर हांजिरीमा कार्यरत कर्मचारीको तलब भुक्तानी सम्बन्धमा ।

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

CamScanner

कमलामाई नगरपालिका

# नगरकार्यपालिका कार्यालय

सिन्धुली, बागमती प्रदेश

कमलामाई नगरपालिका कार्यालय सिन्धुलीमाढी, सिन्धुली बागमती प्रदेश, नेपाल

**मिति २०८३ असार २२ गते बसेको १९० औं नगर कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु**

**प्रस्ताव नं. १: दहत्तर बहत्तर (ढुङ्गा गिट्टि बालुवा) को उत्खनन् संकलन र विक्रिका लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को कार्य विवरण (TOR) र प्रतिवेदन सम्बन्धमा ।**

**निर्णयः** कार्यपालिका बोर्ड बैठकको निर्णय अनुसार कार्यालयले दहत्तर बहत्तर (ढुगागिट्टी बालुवा) को उत्खनन संकलन र विक्रीका लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को कार्य विवरण (TOR) स्वीकृत गरी परामर्श खरिद मार्फत खरिद कार्य गरेकोमा कार्यालयबाट स्वीकृत कार्य विवरण (TOR) लाइ अनुमोदन् गर्ने र कार्यालयले परामर्श खरिदमार्फत कार्यसम्पन्न गरी परामर्श सेवा प्रदायक संस्थाले पेश गरेको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनलाई स्वीकृत गर्ने निर्णय गरियो र सोही प्रतिवेदनको आधारमा ठेक्का बन्दोबस्त गर्न कार्यालयलाइ अनुमती प्रदान् गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २: प्रशासनीक रकमान्तर र श्रोतान्तर सम्बन्धमा ।**

**निर्णयः** कमलामाई नगरपालिकाको विनियोजन ऐन २०८२ को दफा ३ उपदफा २ र ३ मा भएको व्यवस्था अनुसार कार्यालय व्यवस्थापन तथा प्रशासनीक खर्चको तपसिल बमोजिमको रकम अपुग भएकाले रकमान्तर हुने रकम बजेटको २५ प्रतिशतले नबढ्ने गरी रकमान्तरका लागि निर्णय गरियो । साथै श्रोतान्तरका हकमा बजेट रकममा कुनै परिवर्तन नगरी खर्चको श्रोत व्यवस्थालाई मिल्ने श्रोतहरुमा श्रोतान्तरका लागि आवश्यकता अनुसार नगरप्रमुख स्तरीय निर्णयबाट गर्न सकिने गरी अधिकार प्रदान गरियो ।

**तपसिल**

| क.सं. | खर्च शीर्षक | स्वीकृत बजेट | घटाउने | बढाउने | कायम बजेट |
|---|---|---|---|---|---|
| १ | कार्यालय सञ्चालन | ४००००००।- | | १००००००।- | ५००००००।- |
| २ | कार्यालय मसलन्द | ४००००००।- | | १००००००।- | ५००००००।- |
| ३ | करार सेवा शुल्क/करार तथा ज्यालादारीको तलव | ८००००००।- | २००००००।- | | ७८००००००।- |

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. ३: सर्भेक्षक श्री सन्तोष कुमार श्रेष्ठको तलब/सेवा सुविधाको रकम भुक्तानी सम्बन्धमा।**

**निर्णयः** कमलामाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा कार्यरत सर्भेक्षक श्री सन्तोष कुमार श्रेष्ठलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मिति २०७३।१२।१८ गते नियन्त्रणमा लिई आयोगबाट मिति २०७४।०१।०८ गते विशेष अदालतमा मुद्दा दायर भई निज निलम्बनमा रहेकोमा निलम्बन अवधिमा प्रचलित कानूनी व्यवस्था बमोजिम विशेष अदालतमा मुद्दा दायर भएको मितिदेखि विशेष अदालतबाट फैसला भएको मिति २०७६।०१।०५ गतेसम्मको अवधिको (२०७५ चैत्र महिना सम्मको) आधा तलब, भत्ता नगरपालिकाबाट भुक्तानी भएको।

विशेष अदालतबाट निजलाई दोषी ठहर गर्ने फैसला भएको कारण मिति २०७६।०१।०५ गतेपछि (२०७६ बैसाख देखिको)तलब भत्ता भुक्तानी हुन नसकेको। निजले उक्त फैसला उपर सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरेकोमा सम्मानित सर्वोच्च अदालतबाट मिति २०८२।०४।२७ गते विशेष अदालतको फैसला उल्टी भई निज निर्दोष ठहर भएको प्राप्त कागजातबाट देखिन आएको।

सर्वोच्च अदालतको उक्त फैसला पश्चात निज सर्भेक्षक मिति २०८२।१०।१३ गतेदेखि पुनः यस कार्यालयमा हाजिर भई कार्यरत रहेकोमा कार्यालयबाट तयार गरिएको विवरणअनुसार निजले प्राप्त गर्न बाँकी तलब भत्ता रकम जम्मा रु. ३६,५८,५४६।७० (अक्षरेपीः रुपैयाँ छत्तीस लाख अन्ठाउन्न हजार पाँच सय छयालीस रुपैयाँ सत्तरी पैसा मात्र) देखिएकोले उक्त रकम आर्थिक वर्ष २०८२।८३ अन्तर्गतको "स्थायी कर्मचारीको तलब तथा महँगी भत्ता" शीर्षकबाट भुक्तानी गर्ने कार्यका लागि कार्यालयलाई स्वीकृति दिने निर्णय गरियो।

**प्रस्ताव नं. ४: नगर प्रहरी ऐन, २०८३ को मस्यौदा तयारी सम्बन्धमा।**

**निर्णयः** नगरपालिकाको एकल अधिकार अन्तर्गत रहेको नगरप्रहरी सम्बन्धी ऐन हालसम्म नबनेकाले त्यसको मस्यौदा तयार गर्न र कार्य अगाडि बढाउँन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं. ५: नगर प्रमुख ज्यूको तोक आदेशमा सामाजिक विकास शाखा अन्तर्गत भएका तोक आदेशका कार्यक्रम सम्बन्धमा ।

**निर्णयः** नगरप्रमुख ज्यूबाट सामाजिक विकास शाखा अन्तर्गत तोक आदेशमा सम्पन्न / हाल सञ्चालित तपसिल बमोजिमका संघसंस्थाका योजना/कार्यक्रमहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं. | संघ/ संस्थाको नाम | ठेगाना | रकम (रु.) |
|---|---|---|---|
| १ | लुङ्गेलीटार ढाका उद्योग | कनपा – ७, माझीटार | ४,००,०००/- |
| २ | आदिवासी जनजाती महासंघ, जिल्ला समन्वय परिषद् सिन्धुली | कमलामाई न.पा. | १,५०,०००/- |
| ३ | रेडियो सिन्धुलगढी ९२ मेगाहर्ज | कनपा – ६, रातमाटा | १,२६,०००/- |
| ४ | रेडियो सिन्धुलगढी ९२ मेगाहर्ज | कनपा – ६, रातमाटा | १,९८,०००/- |
| ५ | जनप्रिय साप्ताहिक | कनपा – ६, सिन्धुली | १,८८,०००/- |
| ६ | रेडियो विजयकिल्ला ९३.० मेगाहर्ज | कनपा – ६, सिन्धुली | १,५०,०००/- |
| ७ | विजयकिल्ला टेलिभिजन एचडि | कनपा – ६, सिन्धुली | १,५०,०००/- |
| ८ | रेडियो सिद्धबाबा ९८.४ मेगाहर्ज | कनपा – ४, सिन्धुली | १,२५,०००/- |
| ९ | सिद्धबाबा टेलिभिजन | कनपा – ४ सिन्धुली | १,२५,०००/- |
| १० | सर्वदा संचार प्रा.ली. | कनपा – ८, सिन्धुली | १,००,०००/- |
| ११ | अंकपत्र मिडिया प्रा.ली. | कनपा – ६, सिन्धुली | १,००,०००/- |
| १२ | लेकाली संचार नेटवर्क | कनपा – ६, सिन्धुली | १,००,०००/- |
| १३ | नव आवाज मिडिया प्रा.ली. | कनपा – ४, सिन्धुली | १,००,०००/- |
| १४ | नव आवाज मिडिया प्रा.ली. | कनपा – ४ सिन्धुली | १,००,०००/- |
| १५ | नव आवाज मिडिया प्रा.ली. | कनपा – ४, सिन्धुली | १,००,०००/- |
| १६ | सिन्धुली अपाङ्ग महिला संघ | कनपा – ४, सिन्धुली | १,००,०००/- |
| १७ | सितलपाटी पोष्ट | कनपा – ४, सिन्धुली | ५०,०००/- |
| १८ | मिस्टी डिजिटल सर्भिस | कनपा – ६, सिन्धुली | ५०,०००/- |
| २० | दलित सेवा संघ जिल्ला शाखा सिन्धुली | कनपा –६, सिन्धुली | २५,०००/- |
| २१ | कमलामाई उद्गमस्थल मन्दिर ब्यबस्थापन समिति | कनपा – ८, सिन्धुली | २,००,०००/- |
| २२ | सिन्धुली कला घर | कनपा –३, सिन्धुली | ४,५०,०००/- |

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| २३ | सिन्धुली प्लस | कनपा – ६, सिन्धुली | २,५०,०००/- |
| २४ | सिन्धुली प्लस | कनपा – ६, सिन्धुली | १,००,०००/- |

**प्रस्ताव नं. ६: पालिकाको कृषि शाखाले लागत साझेदारीमा खरिद गरेको धानको विउविजन वितरण सम्बन्धमा ।**

**निर्णयः** पालिका भित्रका किसानहरुको मागमा आधारित रहेर लागत साझेदारीमा आर्थिक वर्ष २०८२/८३ मा कृषि विकास शाखामार्फत सञ्चालित "खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान" कार्यक्रम अन्तर्गत खरिद गरिएका विभिन्न जातका धानका बीउहरु, सावित्री (१४,८७५ के.जी.), राम (१५,९२५ के.जी.), सुख्खा धान-२ (३,१३३ के.जी.) तथा पोखरेली जेठोबुढो (२०० के.जी.) खरिद गरी सम्बन्धित कृषकहरुलाई वितरण गरिएको कार्यलाई यस बैठकबाट अनुमोदन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ७: नदीजन्य पदार्थको स्टक प्रमाणित अनुमोदन सम्बन्धमा ।**

**निर्णयः** कमलामाई नगरपालिकासँग नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्न आ.व. २०८२/८३ मा सम्झौता भएका ठेकेदारले ढुंगा, बालुवा, गिट्टी (स्टक) मौज्दात प्रमाणित गर्न माग अनुसार कमलामाई नगरपालिकामा लाग्ने शुल्क बुझाई सकेका तपशिल बमोजिमका व्यवसायीको मौज्दात (स्टक) कमलामाई नगरपालिकाको प्राविधिकबाट प्रमाणित भई आएको नदीजन्य पदार्थ ढुंगा, ग्राभेल मिति २०८३ साल असार मसान्त भित्र उठाई लैजान अनुमति दिएकालाई समर्थन गर्ने निर्णय गरियो ।

| सि.नं. | खोलाको नाम | फर्म/कम्पनीको नाम र ठेगाना | नदीजन्य पदार्थ मौज्दात परिमाण | कैफियत |
|---|---|---|---|---|
| १. | मरिण खोला ढंगेडाँडा (खारखोला) खण्ड (IEE ले तोकेको क्षेत्र) | काजी इन्जिनियरिङ ग्रुप अफ कम्पनी प्रा.लि., कमलामाई न.पा.-०४, सिन्धुली | कमलामाई नगरपालिका वडा नं. १ को चौराहीमा ३२८१ घ.मी. नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा) संकलन गरि राखिएको | |

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

कमलामाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिन्धुलीमाडी, सिन्धुली
बागमती प्रदेश, नेपाल

**प्रस्ताव नं. ८: अन्तर सरकारी भुक्तानी सम्बन्धमा ।**

**निर्णयः** अन्तर सरकारी सम्बन्धी विभिन्न कार्यमा पालिकासँगको साझेदारी तथा परस्पर कार्य सहजीकरणमा हुने खर्चका लागि तपसिल बमोजिम निकायले रकम माग दावी गरेकाले कार्यालयको भैपरी आउँने प्रशासनीक खर्चबाट भुक्तानी दिन कार्यालयलाई अनुमती दिने निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| क) | नेपाली सेना– चियाँवारी सिन्धुलीगढी पदयात्रा | रु.१,५०,०००।– |
| ख) | जिल्ला हुलाक कार्यालय – अनलाईन राष्ट्रिय परिचयपत्र दर्ता सेवा प्रवाह– सिन्धुली र भिमान, २ स्थानमा सेवा प्रवाह | रु. ५०,०००।– |
| ग) | भूमि प्रशासन कार्यालय सिन्धुली – तथ्याँक व्यवस्थापन – रजिष्ट्रेषन बापतको राजश्व संकलन | रु. ६७६५८।– |

**प्रस्ताव नं. ९: आ.व. २०८३/८४ को नगर दररेट सम्बन्धमा ।**

**निर्णयः** कमलामाई नगरपालिका सिन्धुलीको सदरमुकामको नगरपालिका समेत भएको हुँदा आ.व. २०८३/८४ को जिल्ला दररेद निर्धारण गरेपछी सोलाई समेत मध्ये नजर गरी आ.व. २०८३/८४ को लागि नगर दररेट निर्धारण गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १०: चालु आ.व. २०८२/८३ मा उपभोक्ता समिति मार्फत भएका कार्यको भुक्तानी सम्बन्धमा ।**

**निर्णयः** चालु आ.व. २०८२/८३ मा उपभोक्ता समितिबाट संचालित विभिन्न योजनाहरुको सन्दर्भमा उपभोक्ता भेलाको निर्णय, Public Audit, वडाको सिफारिस समेतको आधारमा Measurement Book, User's Bill अनुसार उपभोक्ताको लागत/जनसहभागिता वापतको अंस कट्टा गरी भुक्तानी दिने, साथै सोही बमोजिम दिइएको भुक्तानी अनुमोदन गर्ने निर्णय गरियो ।

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

## प्रस्ताव नं. ११: चालु आ.व. २०८२/८३ मा ठेक्काबाट संचालन भई कार्य सम्पन्न नभएको योजना सम्बन्धमा ।

**निर्णयः** चालु आ.व. २०८२/८३ मा ठेक्का मार्फत संचालित देहाय बमोजिमका योजनाहरु सम्झौता अवधि भित्र कार्य सम्पन्न हुन नसकेको हुँदा सम्बन्धित साइट, इन्चार्जबाट प्रतिवेदन समेत प्राप्त भएको साथै योजना शाखा, आर्थिक प्रशासन शाखा र कानून शाखा समेतको रायको आधारमा म्याद थप गर्नु पर्ने तथ्यपरक कारण नदेखिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा उल्लेख भए अनुसार पेश भएको हाल सम्मको कार्यको मूल्याङ्कनको रकम भुक्तानी दिई ठेक्का सम्झौताको बखतमा पेश गरेको कार्य सम्पादन जमानी र धरौटी जफत गर्ने र दफा ६३ मा व्यवस्था भए अनुसार कालो सूचीमा राख्नको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्ने निर्णय गरियो ।

१. धुरा-ग्वाङ कोरिडोरसडक स्तरोन्नती कार्य, वडा नं. ६ र ४

२. कमलामाई सिर र कमलामाईस्थान मन्दिर पूर्वाधार विकास, वडा नं. ८ र ५

३. चन्द्रदेवी आ.वि. भवन तथा कम्पाउण्ड वाल निर्माण, वडा नं. ११

४. धाराभञ्ज्याङ सातपत्र खानेपानी योजना, वडा नं. ४

## प्रस्ताव नं. १२: भवन निर्माण मापदण्ड सम्बन्धमा ।

**निर्णयः** १. कमलामाई नगरपालिकाको बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ को दफा ५४ खोला/ नदी, कुलो, ताल किनारामा निर्माण गर्ने सम्बन्धमाः कम गहिरो भएको, सिचाईमा प्रयोग हुने, समथल भू-भागमा रहेको खोल्सी, नाला किनाराको हकमा इन्जिनियरिङ डिजाइन अनुसार तटबन्ध गरिएको भएमा सो डिजाइनको सिफारिसमा २ मि. देखि ५ मि. सम्म सेटव्याक छाडी ३ तला सम्मको भवन निर्माण गर्न सकिनेछ।

२. सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्ने तथा अतिक्रमण रोक्न, कोरिडोर सडकको निर्माण गर्ने र खोला नियन्त्रण गर्ने साथै तटबन्धन (Embankment) लाई पहिलो प्राथमिकतामा राखी सडक बनाउनु अघि खोला तर्फको भागमा पक्की पर्खाल (Gabion Wall वा RCC Retaining Wall) लगाएर तटबन्धन गरिनेछ। तटबन्धन र सडकको बीचमा नाली र रुख रोप्ने ठाउँ (Green Belt) राखिनेछ।

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

कमलामाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिन्धुलीमाडी, सिन्धुली
बागमती प्रदेश, नेपाल

CamScanner

३. यस नगरपालिका क्षेत्र भित्र भवन निर्माण सम्बन्धी कार्य गर्न इच्छुक निर्माण व्यवसायीले व्यवसाय दर्ता गरेको हुनुपर्नेछ। भवन निर्माण सम्बन्धी कार्य गर्न इच्छुक डकर्मीले सो सम्बन्धी तालिम प्राप्त गरेको प्रमाण-पत्र पेस गर्नुपर्नेछ।

४. भवन निर्माण अनुमति लिन अगावै निर्माण व्यवसायी/डकर्मी र घरधनी बीच अनिवार्य रुपमा सम्झौता भएको पत्र पेस गर्नुपर्नेछ ।

**प्रस्ताव नं. १३: वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सम्बन्धमा ।**

**निर्णयः** जिल्ला सिन्धुली, दुधौली नगरपालिका-१ निवासी स्वराज पहाडी वैदेशिक रोजगारीको सिलसिलामा २०८२/०६/१५ गते दुवाइमा मृत्यु हुनु भएकोमा स्व. पहाडीका छोरा निर्माण पोखरेल (जन्म मिति २०७७/०६/२१) ले नेपाल सरकार वैदेशिक रोजगार बोर्डबाट उपलब्ध गराइने छात्रवृत्तीको लागि निवेदन दिनु भएकोमा कमलामाई नगरपालिकाबाट समयमै निजको वैदेशिक रोजगार सन्तती छात्रवृत्तीको लागि सिफारीस छुट भएको कारण छात्रवृत्तीबाट बञ्चित हुनु परेको हुँदा सो अवधि (आ.व. २०८२/८३) को लागि नगरपालिकाको आर्थिक सहायता शिर्षकबाट रु. १२,०००।- (बाह्र हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराइने निर्णय गरियो ।

**प्रस्ताव नं. १४: खोप तथा गाउंघर क्लिनिक संचालन यातायात खर्च सम्बन्धमा ।**

**निर्णयः** खोप सेवा मानव स्वास्थ्य र समाजका लागि एकदमै महत्त्वपूर्ण छ। यसले व्यक्तिलाई मात्र नभएर पूरै समुदायलाई धेरै प्रकारका रोगहरूबाट बचाउँदछ। तसर्थ यस कमलामाई नगरपालिकाको सबै वडास्थित स्वास्थ्य संस्थाबाट तोकिएको समयमा खोप तथा गाउंघर क्लिनिक नियमित रुपमा संचालन भइरहेको छ।

खोप तथा गाउँघर क्लिनिक (Immunization and Village Clinic) ग्रामीण र दुर्गम क्षेत्रका नागरिकहरूका लागि स्वास्थ्य सेवाको सबैभन्दा भरपर्दो माध्यम हो। यसले ग्रामीण समुदायमा स्वास्थ्य सेवाको पहुँच पुऱ्याउन महत्त्वपूर्ण भूमिका खेल्छ। तसर्थ यसपालिका अन्तर्गत फिल्ड कार्य मार्फत खोप तथा गाउंघर क्लिनिकमा जाने कर्मचारीलाई प्राप्त प्रतिवेदन पश्चात विनियोजन भएको खोप तथा गाउंघर क्लिनिक संचालन गरे वापतको यातायात खर्च शीर्षकबाट भुक्तानी हुने गरी

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

प्रति क्लिनिक वापत बढीमा रु.५००/००(पांच सय)सम्म यातायात खर्च उपलब्ध गराउने निर्णय भयो।

**प्रस्ताव नं. १५: एच.आइ.भी.संक्रमितलाई पोषण खर्च सम्बन्धमा।**

**निर्णयः** एचआईभी संक्रमित व्यक्तिहरुका लागि पोषण सहयोग (Nutritional Support) स्वास्थ्य सुंधार, रोग प्रतिरोधात्मक क्षमता वृद्धि र एन्टी-रेट्रोभाइरल थेरापी (ART) औषधिको प्रभावकारिता बढाउनका लागि अति आबश्यक हुन्छ। एचआईभी संक्रमणले शरीरको प्रतिरक्षा प्रणाली कमजोर बनाउने र कुपोषणले संक्रमणलाई अझ तीव्र पार्ने हुँदा एचआईभी संक्रमितको समग्र हेरचाहमा सन्तुलित र पर्याप्त पोषण व्यवस्थापन अपरिहार्य मानिन्छ।तसर्थ यस कमलामाई नगरपालिका भित्र रहि उपचाररत १५ जना लाई एच.आइ.भी.संक्रमितलाई पोषण खर्च शीर्षकमा विनियोजित रकम रु.३,००,०००/००(तीन लाख) बाट रु.२०,०००/००(विस हजार)प्रति विरामी बैंक खातामा नगद जम्मा गरिने निर्णय अनुमोदन भयो।

**प्रस्ताव नं. १६: आर्थिक विकास समितिको आ.व. २०८२/८३ अन्तर्गतको निर्णयलाई अनुमोदन गर्ने सम्बन्धमा।**

**निर्णयः** आ.व. २०८२/८३ अन्तर्गत कमलामाई नगरपालिकाको आर्थिक विकास समितिबाट भएका सम्पूर्ण निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १७: सोझै खरिद सम्बन्धी कार्यविधि सम्बन्धमा।**

**निर्णयः** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहहरुको सोझै खदि प्रक्रियालाई सहज बनाउँन सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ मा भएको व्यवस्थालाई नमूना कार्यविधि बनाएर पठाएकोमा उक्त नमूना कार्यविधि अनुसार कमलामाई नगरपालिका सोझै खरिद सम्बन्धि कार्यविधि २०८३ लागु गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १८: पदस्थापन सम्बन्धमा।**

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

**निर्णयः** कमलामाई नगर क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुको तह घट, कक्षा घट, समायोजन र शिक्षक दरबन्दी मिलानका क्रममा विगत वर्षदेखि कामकाजमा खट्टाइएको शिक्षकहरुमध्ये अवकाश हुन २ दुई वर्ष समयावधि बाँकी भएको शिक्षकहरुलाई सोही विद्यालयमा पदस्थापन गर्न शिक्षा, युवा तथा खेलकुद शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं. १९: संस्थागत विद्यालयले प्रदान गर्ने विद्यार्थी छात्रवृत्ति सम्बन्धमा ।**

**निर्णयः** अनिवार्य तथा नि:शुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ को उपदफा ३ मा उल्लेख भए अनुसार निजी लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालनमा रहेका विद्यालयले विद्यार्थी सङ्ख्याका आधारमा तोकिए बमोजिमका विद्यार्थीहरुलाई नि:शुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने भन्ने व्यवस्था भएको, शिक्षा नियमावली, २०५९ को नियम १५१ को उपनियम २ र कमलामाई नगरपालिकाको शिक्षा ऐन, २०७५ को दफा २७ र २८ मा संस्थागत विद्यालयले कुल विद्यार्थी सङ्ख्याको दस (१०) प्रतिशतमा नघटाई जेहन्दार, गरिब, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ भन्ने व्यवस्था अनुसार संस्थागत विद्यालयहरुमा शैक्षिक सत्र २०८३ मा भर्ना भएका वा अध्ययन गरि रहेका जम्मा विद्यार्थी सङ्ख्याको कक्षागत दस (१०) प्रतिशतले नघट्ने गरी छात्रवृत्ति प्रदान गर्न सकिने सङ्ख्या माग गर्ने र अध्ययनरत विद्यार्थीहरुमध्येबाट नै लक्षित छात्रवृत्ति प्राप्तिको अवसरलाई पारदर्शी ढङ्गबाट कार्यान्वयनमा लाने निर्णय गरियो ।

**प्रस्ताव नं. २०: विवरण पेश गर्नको लागि जानकारी गराउने सम्बन्धमा ।**

**निर्णयः** यस कमलामाई नगरपालिका क्षेत्र भित्रका करदाताहरुको सम्पत्ती कर, घरजग्गा बहाल कर सांग्रीला सफ्टवेरबाट लिंदै आएकोमा आगामी आ.व. २०८३/८४ देखि मलेनिकाको सुत्र सफ्टवेरको राजश्व मोड्यूल पूर्ण रुपले संचालन गर्ने भएकोले कर तिर्न आउँदा आफ्नो जग्गाधनी पूर्जाको प्रतिलिपी, घर जग्गा बहाल करको सम्झौता पत्र, व्यवसाय कर प्रमाण-पत्रको प्रतिलिपी लिएर आउनका लागि सूचना मार्फत जानकारी गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. २१: पसल कवलको सम्झौता सम्बन्धमा ।**

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

**निर्णयः** यस कमलामाई नगरपालिका वडा नं. ६ निवासी रमला पौडेलले दिएको निवेदन अनुसार निजको आफ्नै लगानीमा बसपार्क देखि पूर्व तर्फ संचालन गर्दै आउनु भएको पूजा सामग्री पसलको मासिक भाडा २०८२ माघ देखि रु. ८०००।– तिर्ने गरी १० वर्षको लागि प्रत्येक २ वर्षमा १०% भाडादर वृद्धि हुने गरी सम्झौता गर्ने निर्णय गरियो । साथै, उक्त पसल कवल निर्माण गर्न लागेको खर्च रु. ४,००,०००।– घरभाडाबाट कट्टा भई सकेपछि नियमित रुपमा पसल कवल भाडा रकम नगरपालिकालाई बुझाउने निर्णय गरियो ।

**प्रस्ताव नं. २२: दैनिक डोर हाजिरीमा कार्यरत कर्मचारीको तलब भुक्तानी सम्बन्धमा ।**

**निर्णयः** कमलामाई नगरपालिका, वडा नं. १२, कार्यालयको मिति २०८३/०३/१८ गतेको सिफारीस अनुसार सो वडा कार्यालयमा मिति २०८३ वैशाख १ देखि हालसम्म दैनिक डोर हाजिरीमा कार्यालय सहयोगी पदमा टिका बहादुर खपाङ्गीलाई वडा कार्यालयले कामकाजमा लगाएकोमा निजलाई हालसम्मको तलब भुक्तानीको लागि प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत